www.Palungtarmun.gov.np

☎064-400002

पालुङटार नगरपालिका
PALUNGTAR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal, Executive
पालुङटार, गोरखा
Palungtar, Gorkha
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

प.सं./Ref.No. :- २०७५/०७६

च.नं./Des.No.:- ५५१

मिति/Date:- २०७५/५/२२

श्री सवै वडा कार्यालयहरु,

पालुङटार नगरपालिका कार्यालय, पालुङटार गोरखा ।

**विषय : सामाजिक सुरक्षा कार्याकम संचालन कार्यविधि २०७५ लागु भएको सम्वन्धमा ।**

प्रस्तुत विषयमा केन्द्रीय पञ्जिकरण विभाग, ववरमहल काठमाडौंको च.न ११२ मिति २०७५/०५/१९ को पत्र बमोजिम सामाजिक सुरक्षा कार्याकम संचालन कार्यविधि २०७२ खारेज भई नयाँ सामाजिक सुरक्षा कार्याकम संचालन कार्यविधि २०७५ माननिय मन्त्रीस्तरबाट मिति २०७५/०४/२३ मा स्वीकृत प्रदान भएको र सोही मिति बाट लागु भएकोले सामाजिक सुरक्षा भत्ता सम्वन्धि सम्पूर्ण कार्यहरु नयाँ कार्यविधि अनुरुप गर्नु गराउनु हुन समेत अनुरोध छ ।

१. नयाँ कार्यविधिको परिच्छेद ३ को उपदफा २ बमोजिम **"नेपाल सरकार वा नेपाल सरकारसँग सम्वन्ध स्थापित भएका मित्र राष्ट्र वा तिनका निकायबाट मासिक रुपमा तलब, भत्ता, पेन्सन वा यस्तै प्रकारको अन्य कुनै मासिक सुविधा पाई रहेका व्यक्तिहरुले सामाजिक सुरक्षा भत्ता पाउने छैनन् । "** भनी उल्लेख भए अनुसार वडामा यस प्रकारका सेवा सुविधा पाई रहेका सामाजिक सुरक्षा लाभग्राही भएमा वडा समितिको वैठकबाट निणर्य गराई MIS मा समेत लगतकट्टा गराई नगरपालिका लाई जानकारी दिनु हुन अनुरोध छ ।

२. आ.व ०७५/७६ को प्रथम किस्ता भत्ता पाउने लाभग्राहीहरुको विवरण अध्यावधिक नगरेको भए समयमा नै अध्यावधिक गरी आ.व ०७५/७६ बाट लागु हुने गरि थप भएका लाभग्राहीहरुको विवरण नगरपालिकालाई उपलब्ध गराई दिनु हुन अनुरोध छ । MIS मा दर्ता नभएका लाभग्राहीहरुलाई भत्ता रकम उपलब्ध गराउन नसकिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

३. नयाँ कार्यविधिमा उल्लेख भएका अनुसुचीहरु वमोजिम नै सामाजिक सुरक्षा नयाँ लाभग्राहीका नाम सङ्कलन, नविकरण तथा अभिलेख राख्नु हुन अनुरोध छ ।

विरेन्द्र ... क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत